# छार्का ताङसोङ गाउँपालिकाका उपाध्यक्ष श्री कर्मा ढुण्डुप गुरुङ ज्यूले २०८०/०३/१० गते गाउँ सभाको बाह्रौ अधिवेशनमा दिनुभएको

# बजेट बक्तव्य

## छार्का ताङसोङ गाउँपालिका

**डोल्पा, कर्णाली प्रदेश**

# बजेट बक्तव्य

## छार्का ताङसोङ गाउँपालिकाका उपाध्यक्ष श्री कर्म ढुण्डुप गुरुङ ज्यूले २०८०/०३/१० गते गाउँ सभाको बाह्रौ अधिवेशनमा दिनुभएको बजेट बक्तव्य ।

**आदरणीय सभा अध्यक्ष ज्यू,**

**सभाका सदस्यज्यूहरू,**

गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत लगायत अन्य राष्ट्रसेवक कर्मचारी मित्रहरू ।

यस छार्का ताङसोङ गाउँपालिकाको बाह्रौ गाउँ सभामा आगामी आर्थिक वर्ष ०८०/०८१ को लागि बजेट प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित महसुस गरेको छु । आय व्यय विवरण तर्जुमाको क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनुहुने सम्पूर्ण महानुभावहरुलाई हार्दिक आभार सहित हामि सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु ।

सर्वप्रथम त प्रजातन्त्र प्राप्ति तथा लोकतन्त्रको लागि भएका विभिन्न ऐतिहासिक जनआन्दोलनहरूमा ज्यानको आहुती दिने सम्पूर्ण ज्ञात अज्ञात सहीदहरूप्रति हार्दिक श्रद्दान्जली व्यक्त गर्दछु । सहीदहरूको सपना पूरा गर्न तपाईँ हामी सबैलाई प्रेरणा मिलोस्, यहि कामना समेत गर्न चाहन्छु ।

**अध्यक्ष महोदय,**

कर्णाली प्रदेशमा अवस्थित यस छार्का ताङसोङ गाउँपालिका प्राकृतिक श्रोत साधनले भरिपूर्ण रहेको छ । उपलब्ध साधन श्रोतको प्रभावकारी रूपमा उपयोग गर्न सक्ने हो भने केहि वर्षहरूमा यस गाउँपालिकालाई सुन्दर,समृद्द र समुन्नत गाउँपालिका बनाउन सकिने प्रशस्त सम्भावनाहरु रहेका छन् । यसका लागि गाउँपालिका अन्तर्गत क्रियाशिल सम्पूर्ण राजनीतिक दल तथा आम सर्वसाधारण लगायत सबै सरोकारवालाहरूको ध्यान जान जरूरी रहेको कुरा यसै सभा मार्फत् अनुरोध गर्न चाहन्छु ।

संविधानसभाबाट नेपालको संविधान जारी भै स्थानीय तहहरू स्थापना भई दोस्रो पटक स्थानिय तहको निर्वाचन पश्चात सबैको ध्यान स्थानीय तहहरूमा केन्द्रीत भई रहेको छ । राज्यको ठूलो लगानी अव स्थानीय तहहरूमा विनियोजित भएको छ । जनअपेक्षा पनि ह्वात्तै बढेको छ । यस परिस्थितिमा गाउँ सभाका सदस्यज्यूहरू अझै बढी जिम्मेवार र संवेदनशिल हुन जरूरी भएको छ ।

स्थानीय तहहरू संधैभरी संघीय सरकारको अनुदान रकममा मात्र भर परेर सबै जनअपेक्षा र आवश्यकता बमोजिमको विकास निर्माण गर्न सकिदैन । यसका लागि आन्तरिक श्रोतहरूको अभिवृद्धि अपरिहार्य हुन आउँछ । जनताको करबाट जनताकै विकास निर्माणलाई अगाडि बढाउनु पर्ने हुन्छ । यसका लागि राजश्व संकलनका क्षेत्रहरू पहिचान गरी करका दायराहरूलाई समयसापेक्ष बढाउँदै लैजानु पर्ने जरूरी भएको छ । यसमा सबैको ध्यान जानेछ भन्ने मैले अपेक्षा गरेको छु ।

**अध्यक्ष महोदय,**

अव म चालू आर्थिक वर्षमा यस गाउँपालिका अन्तर्गत कार्यान्वयन भएका विकास निर्माणका योजना तथा कार्यक्रमहरूको संक्षिप्त विवेचना गर्न चाहन्छु। गाउँपालिका बाटो निर्माण तटबन्ध, भेरीनदी तटबन्धन,ठिमेर खानेपानी, कागकोट खानेपानी, घेराङ खानेपानी, यले खानेपानी, मुकोट देखि तेराङ रोड निर्माण योजना, पालिकाले प्रयोग गरेको भवनको घेरावार निर्माण लगायतका योजनाहरु र मूख्यमन्त्री र प्रधानमन्त्री रोजगार कार्यक्रमका सबै योजनाहरु सम्पन्न हुने चरणमा रहेका छन् । त्यस्तै वडा २ र ३ का सम्पूर्ण घरधुरी, गुम्बा, ज्येष्ठ नागरिक र स्वास्थ्य संस्था गरि ८५ थान सुधारिएको चुलो वितरण गरिएको छ । यसै गरि एकिकृत घुम्ति सेवा सञ्चालन गरि सेवा प्रवाह गर्ने र सामाजिक सुरक्षा खाता खोल्ने काम सम्पन्न गरिएको छ । कुनै योजनाहरु र कार्यक्रमहरु जनसहभागिता नहुँदा समयमा सम्पन्न गर्न कठिन छन् । योजना तथा कार्यक्रमहरू अपेक्षाकृत रूपमा कार्यान्वयन हुन नसकेको कुरा यथार्थ हो । आउँदा दिनहरूमा यस्ता कमी कमजोरीहरूलाई न्यूनीकरण गर्दै अगाडि बढ्नुपर्ने अपरिहार्यता रहेको छ ।

मूलतः चालु आर्थिक वर्षको योजना कार्यान्वयनमा देहाय बमोजिमका व्यवधानहरू रहन गएः

- आर्थिक वर्षको अन्तिम महिनाहरूमा मात्र विकास निर्माणको काम शुरू हुनु,
- गाउँ कार्यपालिकाको कार्यालयमा दरबन्दी बमोजिमका कर्मचारीहरूको पदपूर्ति नहुनु,
- प्राविधिक जनशक्तिको अभाव,
- कर्मचारीको अभावमा प्रभावकारी अनुगमन मूल्यांकन गर्न नसक्नु,
- आयोजना व्यवस्थापन प्रभावकारी बनाउने सम्बन्धमा उपभोक्ता समितिहरू संवेदनशील नहुन,
- समन्वय सहकार्य र सहयोगको कमी हुनु,
- जलवायु परिवर्तन र भौगोलिक विकटता, आदि ।

आउँदा दिनहरूमा उल्लेखित बमोजिमका कमी कमजोरीहरूको न्यूनीकरण गर्दै प्रभावकारी रूपमा आयोजना तथा कार्यक्रमहरूको व्यवस्थापन गर्न जरूरी रहेको कुरा समेत यस गरिमामय सभामा पेश गर्न चाहन्छु ।

**अध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्षको लागि योजना तथा कार्यक्रमहरूको तर्जूमा गर्दा अपनाइएका मुख्य मुख्य विधिहरूको यहाँहरू समक्ष संक्षेपमा विवेचना गर्न चाहन्छु ।

नेपालको केन्द्रीकृत शासन व्यवस्थालाई संघीय शासन व्यवस्थामा रूपान्तरण गर्ने गरी नेपालको संविधान जारी भई लागू भएको हामीहरू सबैलाई विदितै छ । सोही शिलशिलामा स्थानीय तहहरूको निर्वाचन सम्पन्न भई सिंहदरबारको अधिकार स्थानीय सरकारहरूमा हस्तान्तरण भईरहेको विद्‌यमान अवस्था छ । स्थानीय सरकारहरूको गठन पश्चात यहि आषाढ ३० भित्र स्थानीय सरकारहरूले आगामी आर्थिक वर्षका लागि नीति, योजना तथा कार्यक्रमरू आ-आफ्नो सभाबाट पारित गराउनु पर्ने कानूनी व्यवस्था रहेको छ ।

आगामी आर्थिक वर्षका लागि वस्तीस्तरबाट योजना तथा कार्यक्रमहरू तयार भई वडा समितिहरूले ती योजना तथा कार्यक्रमहरूलाई प्राथमिकीकरण गरी बजेट तथा कार्यक्रम तर्जूमा समितिमा पठाउने व्यवस्था मिलाइएको छ । संघीय सरकारबाट यस गाउँपालिकालाई आगामी आ.व. को लागि सिलिङ उपलब्ध गराएको थियो । उपाध्यक्षको संयोजकत्वमा रहेको राजश्व परामर्श समितिबाट करका दरहरू सहित आगामी आर्थिक वर्षका लागि आन्तरिक आयको प्रक्षेपण भएको छ । श्रोत अनुमान समितिको आन्तरिक आय प्रक्षेपण तथा संघीय सरकारबाट प्राप्त बजेट सिलिङ्को दायरामा रही गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा रहेको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आगामी आर्थिक वर्षका लागि कूल सिलिङ निर्धारण गरेको छ । गाउँ कार्यपालिकामा बजेट निर्माणका लागि विभिन्न विषयगत समितिहरू तथा विषयगत क्षेत्र समूहहरूको गठन गरिएको छ । वडा स्तरबाट प्राथमिकीकरण गरि पठाएका योजनाहरूलाई कार्यपालिका अन्तर्गतका विभिन्न समितिहरू तथा समूहरूमा छलफल गरी गाउँकार्यपालिकाको बैठकबाट आगामी आर्थिक वर्षको लागि बजेट तर्जूमा गरी कार्यपालिकाको बैठकबाट पारित भई छलफलका लागि आजको यस सभामा पेश गरिएको छ । आगामी आर्थिक वर्ष २०८०/८१ को मुख्य योजना तथा कार्यक्रमहरू यस प्रकार रहेका छन् ।

- सबै वडा कार्यालय व्यवस्थापन गर्ने ।
- विशेष अनुदान  कागकोटमा डम्पिङ साईड निर्माण ।
- समपूरक अनुदान तर्फ तटबन्धन निर्माण ।
- गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि आवश्यक बजेटको व्यवस्था ।
- डोजर मर्मत र  इन्धन खरिद र ढुवानी गर्ने ।
- न्यायिक समितिको व्यवस्थापन ।
- आँखा शिविर सञ्चालन र गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्नको लागि स्वास्थ्य संस्था व्यवस्थापन गर्ने ।
- कृषकको लागि आधुनिक बिउविजन वितरण गर्ने ।
- पशुपालन गर्ने कृषकलाई पशु औषधी खरिद र बितरण गर्ने ।
- महिला तथा बालबालिका कार्यक्रम ।
- सबै घरधुरीलाई ग्याँस चुलो वितरण कार्यक्रम ।
- साझेदारी कार्यक्रमको लागि साझेदारी कोषको व्यवस्था ।
- नेउङ देखि लाप्चे शेर्मा सम्म सडक मर्मत योजना ।
- लाङ्गुक देखि डुखुङ सम्म कृषि सडक निर्माण योजना ।
- सबै वडामा विकास निर्माण कार्यक्रम ।
- सार्वजनिक सुनुवाई कार्यक्रम ।
- कर्मचारीहरुको क्षमता विकासको लागि तालिम कार्यक्रम ।
- गाउँपालिकाको प्रशासकीय भवनको निर्माण ।

- समपुरक योजनाहरुको लागि समपुरक कोषको व्यवस्था ।
- विपद् व्यवस्थापन कोषको व्यवस्था ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फका योजनाहरु**

**प्रदेश सरकार सशर्त अनुदान तर्फ**

- १ नं वडा कार्यालय भवन निर्माण ।

**मूख्यमन्त्री रोजगार कार्यक्रम तर्फका योजनाहरु**

- पुंगा देखि सिमुसम्म पर्यटन पदमार्ग निर्माण योजना ।
- सप्तकोशी आ.वि. घेरावार तथा शौंचालय निर्माण योजना ।
- छार्का फुटबल मैदान निर्माण योजना ।
- गुम्बा देखि आधारभूत स्वास्थ्य ईकाइ सम्म पिसिसि निर्माण योजना ।
- मुकोट सिंचाई कुलो निर्माण योजना ।
- घेराङ सिंचाई कुलो निर्माण योजना ।

**अध्यक्ष महोदय,**

अव म आगामी आर्थिक वर्षका लागि योजना तथा कार्यक्रमहरूको तर्जूमा गर्दा लिइएका आधारहरूलाई यस सभा समक्ष पेश गर्न चाहन्छु । आगामी आर्थिक वर्ष २०८०/८१ को योजना तथा कार्यक्रमहरू तयार गर्दा निम्न बमोजिमका आधारहरू लिइएको छ ।

- नेपालको संविधान
- चालू पन्ध्रौं योजना
- नेपाल सरकारले विभिन्न समयमा गरेका निर्णयहरू
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयले बजेट तर्जूमा सम्बन्धमा जारी गरेका निर्देशिकाहरू तथा निर्णयहरू
- स्थानीय तहको योजना तथा बजेट तर्जूमा दिग्दर्शन, २०७४
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को प्रासांगिक विषयहरू ।

**<u>अध्यक्ष महोदय,</u>**

अव म यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०८०/८१ को लागि अनुमानित बजेट पेश गर्ने अनुमति चाहन्छु । आगामी आर्थिक वर्षको लागि अनुमानित कूल बजेट **रू. २७ करोड ३० लाख ६७ हजार** आयव्यय हुने प्रारम्भिक अनुमान छ । जस मध्ये संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान अन्तर्गत प्राप्त ६ करोड ९२ लाख, संघीय सरकारबाट प्राप्त सशर्त अनुदान चालु तर्फ कूल ४ करोड ८७ लाख, सशर्त अनुदान पुँजीगत ७६ लाख, विशेष अनुदान रु ९० लाख, समपूरक अनुदान रु १ करोड ५० लाख र आन्तरिक आयश्रोत तर्फ १२ लाख अनुमान गरिएको छ । राजस्व बाडफाँड  तर्फ संघ  रु ४ करोड २९ लाख १६ हजार ७ सय प्रदेश वित्तिय समानीकरण तर्फ रु ३० लाख १२ हजार प्रदेश सरकारको समपूरक तर्फ रु १ करोड ५० लाख, विशेष तर्फ रु ५० लाख र राजश्व बाँडफाँड रु ९० हजार गरि जम्मा ४ करोड ८ लाख ६७ हजार अनुमान गरिएको छ । त्यसैगरि सञ्चिति कोषमा रु २ करोड ५ लाख, पर्वतारोहण अनुमानित रोयल्टी रु ४ लाख, प्रधानमन्त्री रोजगार कार्यक्रम रु ७७ लाख र सामाजिक सुरक्षा कोष रु १ करोड अनुमान गरिएको छ । आन्तरिक आयश्रोतको प्रक्षेपणलाई सार्थक बनाउन सबै गाउँपालिकाबासी लाई हार्दिक अनुरोध गर्दछु । आन्तरिक आयश्रोत तर्फका करका दरहरू छुट्टै अनुसूचीमा प्रस्तुत गरेको छु ।

आगामी आर्थिक वर्षका लागि चालू खर्च तर्फ **कूल १४ करोड १३ लाख ६७ हजार** प्रस्ताव गरेको छु । यस मध्येबाट गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण कर्मचारीहरूको तलब भत्ता तथा कार्यालय सञ्चालन खर्च लगायतको लागि रु ४ करोड ३ लाख १७ हजार प्रस्ताव गरिएको छ । चालू खर्च तर्फ नै जनप्रतिनिधीहरूको लागि भत्ता र सुबिधा समेत प्रस्ताव गरिएको छ । आगामी आर्थिक वर्षमा सबै उपभोक्ता समितिहरूको लागि तालिम उपलब्ध गराइने छ । जसबाट हालका दिनहरूमा देखिएको आयोजना व्यवस्थापन सम्बन्धी अन्यौलको अन्त्य तथा भुक्तानी प्रकृयामा सबै उपभोक्ता समितिहरूलाई सहजता पैदा हुनेछ । आगामी आर्थिक वर्षमा सबै वडा कार्यालयहरूलाई सूचना मैत्री बनाइनेछ । सबै वडा कार्यालयहरूमा इमेल इन्टरनेटको व्यवस्था पूर्ण रुपमा हुनेछ । गाउँपालिकाको शैक्षिक,स्वास्थ्य,भौगोलिक अवस्था, प्राकृतिक स्रोत (खानी, जंगल, जडिबुटी तथा अन्य स्रोत) पूर्वाधार अन्तरगत सडक, पुल, खानेपानी लगायतको अभिलेख सहितको स्रोत नक्शांकन (पालिका प्रोफाइल) तयार गरिनेछ । पालिका प्रोफाइल निर्माणको लागि रु ५ लाख विनियोजन गरिएको छ । स्थानीय तहहरूबीचको अनुभव आदान प्रदान गर्नको लागि पदाधिकारीहरू समेत कार्यरत कर्मचारीहरूलाई अध्ययन भ्रमणको अवसर प्रदान गरिनेछ । यसले गर्दा स्थानीय तहहरू बीचको हार्दिकता तथा सेवा प्रवाहमा समानता पैदा हुनेछ ।

आगामी आर्थिक वर्षका लागि कूल पूँजीगत खर्च **रू. १३ करोड १७ लाख** प्रस्ताव गरिएको छ । विशेष अनुदान तर्फको रु ९० लाख डम्पिङ साईट निर्माण समपूरक तर्फ रु ३ करोड संघ र प्रदेश गरी रहेका छन् । स्थानीय तहरूको कार्यान्वयन पश्चात जनताहरूमा धैरै अपेक्षाहरू बढेर आएका छन् । वस्ती बस्तीमा स्थानीय तहको अनुभूति पु-याउनु छ । त्यसैले आगामी आर्थिक वर्षका लागि हरेक वडाहरूमा विकास निर्माणमा रू. ३९ लाख सम्मको श्रोत सुनिश्चितता गरीएको छ र सबै छ वटा वडा कार्यालयको व्यवस्थापनका (प्रशासनिक खर्च) लागि हरेक वडामा पाँच लाखका दरले रु ३० लाख  प्रस्ताव गरिएको छ ।

सञ्चित कोषबाट व्यहोर्ने गरि प्रशासकीय भवन निर्माणको लागि आबश्यक बजेट विनियोजन गरिएको छ । जनताका सबै अपेक्षाहरूलाई एकै वर्षमा सम्पूर्ण रूपमा संवोधन गर्न गठीन हुने भएकाले जनस्तरबाट छनौट भई आएका तर आगामी आर्थिक वर्षका लागि वजेट विनियोजन हुन नसकेका योजना तथा कार्यक्रमहरूलाई प्राथमिकताका आधारमा प्रदेश सरकार तथा संघीय सरकारमा सिफारिस साथ पठाउने व्यवस्था मिलाईएको छ ।

**अध्यक्ष महोदय,**

यस गाउँपालिका मुलतः पशुपालन र कृषि पेशामा निर्भर रहेको छ । कृषि र पशुपालनमा जति लगानी वढाउन सकिन्छ, उतिनै जनताले प्रत्यक्ष लाभान्वित हुने मौका पाउँदछन् । आगामी आर्थिक वर्षमा यस गाउँपालिकाको कृषिमा आधुनिक बिउविजन खरिदको लागि रु ५ लाख बजेट विनियोजन गरेको छु। पशुपालनमा टेवा पुर्याउन रु १० लाख बजेट विनियोजन गरिएको छ । यसका साथै संघिय सरकारबाट सशर्त अनुदानबाट प्राप्त कार्यक्रमहरु पनि रहेका छन् । सन् २०३० सम्म सम्पूर्ण परिवारलाई स्वच्छ खानेपानी पुर्याउने दिगो विकास लक्ष्यलाई पुरा गर्नको लागि वास प्लान निर्माण गरि खानेपानी र शौचालयको सुनिश्चितताको लागि WASH plan निर्माण गर्न रु ६ लाख विनियोजन गरिएको छ । यसैगरी विषयगत शाखाहरु अन्तर्गत लघु उद्धम विकास कार्यक्रमको लागि रु ११ लाख, आपतकालीन र आकस्मिक उद्धार, राहत र व्यवस्थापनको लागि रु ५० लाख, साझेदारी कोषको लागि रु १५ लाख, न्यायिक समितिको मेलमिलाप तालिमको लागि रु ५ लाख, महिला तथा बालबालिका शाखाको लागि रु ५ लाख, शिक्षा शाखाको लागि रु ५ लाख र आँखा शिविर सञ्चालन, सुत्केरी प्रोत्साहन भत्ता,स्वास्थ्य संस्था र बर्थिङ सेन्टर व्यवस्थापनको लागि रु ४८ लाख विनियोजन गरिएको छ । योजनाको डि.पि.आर., म्यामिङ, दररेट निर्धारण र औजारहरु खरिदको लागि रु २२ लाख, डिजिटल बोर्ड निर्माण लगायत कामको लागि सूचना प्रविधिको लागि रु ४ लाख, स्वास्थ्य विमा कार्यक्रमको लागि रु २ लाख, कर्मचारी आकस्मिक उध्दार कोषको लागि रु ५ लाख १२ हजार, सार्वजनिक सुनुवाई कार्यक्रमको लागि रु ४ लाख, कर्मचारी क्षमता विकास तालिमको लागि रु ५ लाख, गाउँपालिकाको फर्निचर खरिदको लागि रु ५ लाख, मेसिनरी औजार खरिदको लागि रु ५ लाख, उपाध्यक्षसँग सम्बन्धित विभिन्न कार्यक्रम सञ्चालनको लागि रु १५ लाख, नेउङ देखि लाप्चेशेर्मा सम्म सडक मर्मतको लागि रु ४० लाख र लाङ्गुक देखि डुखुङ सम्म कृषि सडक निर्माण योजनाको लागि रु ४० लाख विनियोजन गरिएको छ । सञ्चित कोषबाट व्ययभार हुनेगरि वडा नं ३, ५ र ६ फोहोरमैला व्यवस्थापन कार्यक्रमको लागि रु ७ लाख विनियोजन गरिएको छ । आम्ची कार्यक्रम प्रबर्द्धन गर्नको लागि आबश्यक पर्ने औषधि बनाउनको लागि मेसिन खरिद गर्न रु ५ लाख विनियोजन गरिएको छ ।

स्थानिय गौरवको आयोजनाको रुपमा **मुस्ताङ्ग-छार्का-भारबुङ-कागकोट करीडोर निर्माण** गर्न गाउँपालिकाको स्काभेटरलाई निरन्तर प्रयोग गर्ने व्यवस्था गरिएको छ । त्यसको लागि ईन्धन खरिद र मर्मतको लागि रु १ करोड विनियोजन गरिएको छ । कर्मचारी अवकाश कोष स्थापनाको लागि रु ५० हजार विनियोजन गरिएको छ ।

समपूरक कोषमा हालका लागि रू. २ करोड ५० लाख  प्रस्ताव गरिएको छ । सो रकम संघिय सरकार र प्रदेश सरकारबाट समपुरक अनुदानमा आएका समपुरक योजनामा खर्च गरिने छ । सम्पूर्ण घरधुरीलाई ग्याँस र चुलो वितरण गर्ने कार्यक्रमलाई यो वर्ष सम्पन्न गरिने छ ।
प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ सय दिने रोजगार कार्यक्रमको लागि रु ७७ लाख विनियोजन गरिएको छ ।

यस गाउँपालिकाको समग्र विकासमा टेवा पु-याउनको लागि यूवा लक्षित विभिन्न योजना तथा कार्यक्रमहरू प्रस्ताव गरिएको छ । यूवा सचेतनामूलक कार्यक्रमहरू कार्यान्वयनमा ल्याइने छ । महिला,बालबालिका, दलित, जनजाति, अल्पसंख्यक समुदाय तथा गरिव, किसानहरूको उत्थानका लागि  आबश्यक कार्यक्रमहरू तय गरिएको छ ।

**गाउँ सभाका अध्यक्ष महोदय,**

गाउँपालिकाको सेवाप्रवाह तथा विकास निर्माणको गतिलाई छिटो छरितो र जनमुखी बनाउनको लागि कार्यालय व्यवस्थापन एक महत्वपूर्ण अवयव हो । आगामी आर्थिक वर्षको प्रारम्भ मै जनतालाई अनुभूति हुने प्रकारले सबै वडा कार्यालयहरूलाई व्यवस्थित बनाउने कार्यलाई सम्पन्न गरिनेछ । त्यसको लागि हरेक वडामा जनशक्ति सहित इन्टरनेटको व्यवस्था हुनेछ । वडा कार्यालयलाई व्यवस्थित गरिने छ ।
आगामी आर्थिक वर्षका लागि कूल चालु बजेट **रू. १४ करोड १३ लाख ६७ हजार**  मध्ये सशर्त अनुदान तर्फ **रू ४ करोड ८७ लाख** अनुमान गरिएको छ । यस रकम मध्येबाट शिक्षा, स्वास्थ्य र कृषि तथा पशुपंक्षी विकास मन्त्रालय अन्तर्गतका विभिन्न कार्यक्रमहरूको प्रस्ताव गरिएको छ  । यस शीर्षक अन्तर्गतको बजेट सशर्त अनुदान तर्फको भएको र सो सम्बन्धी प्रस्तावित कार्यक्रम अर्थ मन्त्रालयबाट प्राप्त हुन आएकाले सोही प्रस्तावलाई हुबहू सभामा निर्णयार्थ पेश गरिएको छ । भौगोलिक विकटताका कारणले विशेषज्ञ स्वास्थ्य सेवा पाउन कठिन भएकोले जनताको घरदैलोमा सेवा पुर्याउनको लागि आगामि बर्ष विशेषज्ञ आँखा शिविर सञ्चालन गर्ने कार्यक्रम तय गरिएको छ । त्यसका लागि स्वास्थ्य शाखामा आवश्यक बजेट विनियोजन गरिएको छ । जसबाट घरदैलोमा प्रत्यक्ष रुपमा आँखा उपचारको सेवा पाई सबै जनताले स्थानिय सरकारको प्रत्याभूत गर्ने छन् र स्थानिय सरकारले आफ्नो दायित्व र जिम्मेवारी पुरा गर्ने छ । न्याय सम्पादनमा सहजता गर्ने र सहज तथा सरल रुपमा सेवा दिनको लागि न्यायिक समितिलाई व्यवस्थित गर्ने र उपाध्यक्षसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्नेको लागि रु १५ लाख विनियोजन गरेको छु ।

**अध्यक्ष महोदय,**

प्रस्तावित योजना तथा कार्यक्रमहरूको सफलता यिनीहरूको प्रभावकारी कार्यान्वयमा भर पर्दछ । तसर्थ, प्रस्तावित योजना तथा कार्यक्रमहरूको प्रभावकारी तथा व्यवस्थित कार्यान्वयनमा यस गाउँपालिका

अन्तर्गतका सम्पूर्ण राजनीतिक दल, नागरिक समाज, स्थानीय वुद्धिजिवी, गाउँपालिकाबासी सम्पूर्ण दाजुभाइ दिदीबहीनीहरूको उल्लेख्य सहयोग रहने छ भन्ने अपेक्षा लिएको छु ।

अन्त्यमा, बजेट तर्जूमाको दौरान अमूल्य सहयोग प्रदान गर्नुहुने सम्पूर्ण टोलबस्तीबासी जनताहरू, वडा समितिका अध्यक्ष लगायत सदस्य ज्यूहरु, विभिन्न समितिहरूका सदस्य ज्यूहरू, विषय क्षेत्रगत समूहका सदस्यज्यूहरू, गाउँ कार्यपालिकाका सबै सदस्य ज्यूहरू लगायत महत्त्वपूर्ण मार्गदर्शनका लागि श्रद्धेय गाउँपालिका अध्यक्ष ज्यूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

साथै, बजेट तर्जूमाको दौरान प्राविधिक तथा अन्य व्यवस्थापकीय सहयोग पु-याउनु हुने गाउँ कार्यपालिका तथा वडा कार्यालयका सम्पूर्ण कर्मचारी एवम् सामाजिक परिचालकहरूलाई धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद । जय छार्का ताङसोङ ।**

**<u>प्रस्तुतकर्ताः</u>**
**कर्म ढुण्डुप गुरुङ**
**उपाध्यक्ष छार्का ताङसोङ गाउँपालिका, कागकोट, डोल्पा ।**

## अनुसूची - १: कूल बजेट म्याट्रिक्स

| आगामी आर्थिक वर्षको लागि बजेट म्याट्रिक्स<br>रू. हजारमा | | | |
|---|---|---|---|
| आय तर्फ | | व्यय तर्फ | |
| विवरण | रकम | विवरण | रकम |
| वित्तीय समानीकरण | ६९२०० | चालू खर्च | १४१३६७ |
| सशर्त अनुदान चालु<br>सशर्त पूँजीगत | ५४४६५<br>१९६०० | पूँजीगत -वडास्तरीय | |
| आन्तरिक आय | १२०० | पूँजीगतःगा.पा. स्तरीय | १३१७०० |
| राजस्व बाँडफाड | ४३००६.७ | सशर्त खर्चः शिक्षा, स्वास्थ्य, पशुपंक्षी विकास | ४६७००० |
| समपूरक अनुदान | ३००००० | | |
| विशेष अनुदान | १४००० | | |

# अनुसूची -२: आगामी आ.व. का लागि करका दरहरू

**आ.व. ०८०/८१ मा छार्का ताङसोङ गाउँपालिकामा लगाइने करका दरहरू**

| सि.नं. | व्यवसायको नाम र किसिम | आ.व.०८०/८१ को प्रस्तावित दर रू. | कैफियत |
|---|---|---|---|
| १ | **व्यापारिकवस्तु** | | |
| | डिलरसिप सबै प्रकारका | १५०० | |
| | दैनिक उपभोग्य सामान | ५०० | |
| | दैनिक उपभोग्य सामानको थोक विक्रेता | १५०० | |
| | किराना पसल खुद्रा | ८०० | |
| | फलफूल तथा तरकारी पसल | ५०० | |
| | सूति,ऊनी,नाइनल कपडा पसल | ५०० | |
| | फेन्सी पसल सबै प्रकारका | १५०० | |
| २ | **निर्माणव्यवसाय** | | |
| | गाउँपालिका क्षेत्रमा प्रधान कार्यालय भएका निर्माण व्यवसायी | | |
| | निर्माण व्यवसायी संघ | | |
| | **क**वर्ग | १०००० | |
| | **ख**वर्ग | ८००० | |
| | **ग**वर्ग | ७००० | |
| | **घ**वर्ग | ६००० | |
| ३ | **उत्पादनमूलक उद्योग** | | |
| | मैनवत्ती उद्योग घरेलु | ५०० | |
| ४ | **कृषि तथावनजन्य उद्योग** | | |
| | फर्निचर उद्योग | २००० | |
| | वंगुर पालन | ५०० | |
| | भैंसी गाई पालन व्यवसाय | ५०० | |
| | चौरीपालन व्यवसाय | २५०० | |
| | वाख्रा,भेडा,च्याँग्रापालन व्यवसाय | १५०० | |

| | | | |
|---|---|---|---|
| ५ | **पर्यटनउद्योग** | | |
| | होटलमध्ययम | १५०० | |
| | होटल सानो | १००० | |
| | अन्यस-साना चियाखाजा तथा खाना पसल | १००० | |
| | रेष्टुरेन्ट एण्ड वार | १५०० | |
| | लज | १५०० | |
| ६ | **सेवाउद्योग** | | |
| | अपसेटप्रेस | २५०० | |
| | लेटर प्रेस | १३०० | |
| | चलचित्रभिडियो | १००० | |
| ७ | **सञ्चारसेवा** | | |
| | निजी मोबाइल सेवा केन्द्र | १५०० | |
| | फ्याक्स फोटोकपी तथा प्रिन्टिङ् | ५०० | |
| | मोवाइल फोनविक्री, मर्मत | १५०० | |
| ८ | **स्वास्थ्यसेवा** | | |
| | गैह्सरकारी अस्पताल | ३५०० | |
| | सामुदायिकअस्पताल | ३००० | |
| | निजीस्तरकाअस्पताल तथा रिसर्च सेन्टर | ३०० | |
| | नर्सिङ होम | ३००० | |
| | ल्याव तथाक्लिनिक | २००० | |
| | होमियोप्याथीतथा प्राकृतिक चिकित्सा क्लिनिक | ५०० | |
| | औषधी पसलथोक | २५०० | |
| | औषधी पसलखुद्रा | १५०० | |
| | औषधी पसलआयुर्वेद | १००० | |
| | औषधी पसलपशुस्वास्थ्य | १००० | |
| | पशु पंक्षीदाना पसल | ५०० | |
| | जडी बुटीपसल | ५०० | |
| ९ | **मर्मत संभार केन्द्र** | | |
| | रेडियोटिभी मर्मत केन्द्र | १४०० | |
| | रेडियो तथाघडी मर्मत केन्द्र | १२०० | |
| | घडी मर्मतकेन्द्र | १००० | |

| | | | |
|---|---|---|---|
| | प्रेसरकुकर, हिटर, टेलिफोन सेट, सिलाई मेशीन मर्मत | ८०० | |
| | कम्प्यूटर, विजुलीका सामान, क्यामेरा, रेडियो, टेलिभिजन, फर्निसिङ पसल | २५०० | |
| | फोटोकपी/कम्प्यूटर विक्री तथा मर्मत | २५०० | |
| | अन्यइलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स मर्मत | १५०० | |
| | **अन्य सेवा** | | |
| १० | **माथिको वर्गीकरणमा नपरेका विविध सेवा व्यवसाय तथा कारोबारहरू** | | |
| | कपडा जुत्ता पसल | १५०० | |
| | भाडा पसलःउच्च | २५०० | |
| | भाडा पसलःमध्यम | १५०० | |
| | भाडा पसलःसाधारण | १००० | |
| | चुरा पसलःटंकीमा राखेको | ६०० | |
| | चुरा पसल | ८०० | |
| | काठ तथा स्टिल फर्निचर पसल | २००० | |
| | मेशीनरी पार्टपूर्जा | २५०० | |
| | हजाम पसल | १००० | |
| | स्यानीटरी सामानको पसल | १५०० | |
| | प्लाष्टिक मेच कुर्सी तथा अन्य सामाग्रीको पसल | १००० | |
| | ग्याँससिलिण्डर विक्रेता | १००० | |
| | कोल्डड्रिङ्क्स पसल | १००० | |
| | ऊन पसल | १००० | |
| | होजीयारीउद्योग उच्च | १५०० | |
| | होजीयारीउद्योग मध्यम | १००० | |
| | होजीयारीउद्योग साधारण | ८०० | |
| | कस्मेटीकपसल उच्च | २५०० | |
| | कस्मेटीकपसल मध्यम | १५०० | |
| | कस्मेटीकपसल साधारण | १००० | |
| | स्टेशनरीहोलसेल | ३००० | |
| | स्टेशनरीखुद्रा | १००० | |
| | चिया पसल | ७०० | |

| | | | |
|---|---|---|---|
| | मिठाई पसलःमिष्ठान्न भण्डार | १५०० | |
| | मःम /रेष्टुराँ | ११०० | |
| | भोजनालय | १५०० | |
| | अन्य पसल तथा स-साना पाउरोटी दालमोट, मसला, मैनवत्ती जस्ता घरेलु उद्योग | १००० | |
| | डाला, नाङ्ला पसल | ८०० | |
| | दाना तथा आलु/ प्याज थोक विक्री पसल | १५०० | |
| | सोलार पावर सप्लायर्स | २००० | |
| | खेलौना तथा उपहार सामग्री पसल | १००० | |
| | मदिराजन्य पसल | २००० | |
| | पेपर हेण्डीक्राफ्ट सम्बन्धी पसल | ८०० | |
| | जडिबुटीपसल | ८०० | |
| | पाँच वा सो भन्दा बढी व्यवसाय रहेको प्रा.लि. | ५००० | |
| | अन्यप्रकारका प्रा.लि. | ३५०० | |
| | दुई देखि ४वटा व्यवसाय भएको प्रा.लि. | ३५०० | |
| | फ्याक्स तथा प्रिन्टर सेवा | १५०० | |
| | प्लास्टिकमेच कुर्ची पसल | १५०० | |
| | प्लाष्टिकअन्य पसल | १००० | |
| | चाउमिन उद्योग | ८०० | |
| | अन्य पसल | ८०० | |

पुनश्चःउपरोक्तानुसारको व्यवस्था आ.व. ०८०/८१ देखि लागू हुनेछ र उल्लेखित विभिन्न व्यवसायहरूको गाउँपालिकामा पहिलो पटक दर्ता गर्दा प्रमाणपत्र दस्तुर वापत रू.१०००/- थप लाग्ने छ ।

**१४ पटके बजार तथा हाट बजार करः**

| सि.नं. | व्यवसाय | **आ.व.०८०/८१का प्रस्तावित दरहरू** | |
|---|---|---|---|
| १ | फेन्सीपसल/ प्रति पसल | 450 | |
| २ | ठेका भाँडाप्रति पसल | 300 | |
| ३ | माटोकोभाँडा पसल/ प्रति पसल | 100 | |
| ४ | प्रोभिजनलप्रति पसल | 250 | |
| ५ | मादल प्रतिपसल | 200 | |

| | | | |
|---|---|---|---|
| ६ | औजार भाँडाप्रति पसल | 125 | |
| ७ | सून चाँदीप्रति पसल | 500 | |
| ८ | चियानास्ता प्रति पसल | 150 | |
| ९ | डालानाङ्ला प्रति पसल | 200 | |
| १० | चुरापोतेप्रति पसल | 200 | |
| ११ | जिरा मसला प्रति पसल | 400 | |
| १२ | जडिबुटी प्रति पसल | 200 | |
| १३ | अन्य पसल हेरेर | 100-300 | |

**१६** **मनोरञ्जन करः**

| सि.नं. | मनोरञ्जन साधन | आ.व.०८०/८१ को प्रस्तावित दर | |
|---|---|---|---|
| | | | |
| १ | सिनेमाहल,भिडियो हल, साँस्कृतिक प्रदर्शन स्थल, थिएटर संगीत तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा | ३० | |
| २ | जादु, सर्कस, चटक आदिमा प्रतिदिन | १००० | |
| ३ | व्यवसायिक भिडियो कर | ५०० | |

**१८** **घरवहाल करः**

घरधनीले लगाउने बहाल रकमको१० प्रतिशतले हुन आउने रकम ।

**१९. विज्ञापन करः**

१. गाउँपालिकाक्षेत्रभित्र राखिने विभिन्न व्यापारिक विज्ञापन बोर्डहरूमा प्रति स्क्वायर पि ५० का दरले हुन आउने रकम कर लगाउने ।

२. व्यवसायिक व्यानर प्रति हप्ताः रू. ५०

**२०. मालपोत कर**

तीन रोपनीसम्मको न्यूनतम रू. १०० र त्यस पछिको जग्गाको प्रति रोपनी निम्नानुस दस्तुर लग्नेछ ।

अब्बल दोयम र सीम जग्गा प्रति रोपनी थप रू. २५

चाहार को प्रति रोपनी थप रू १०

**२१. पटके व्यवसाय व**

गा.पा.क्षेत्रभित्र विक्री वितरणको लागि ल्याउने र घुम्ती पसल राख्ने देहायका व्यवसाययहरूका लागि निम्नानुसारका दरले पटके व्यवसाय कर लगाउने

| | | |
|---|---|---|
| १. | चौरी,भैसी, राँगा प्रति गोट प्रति पटक रू. | ४० |
| २. | खसी, बोका,च्याङ्ग्रा प्रति गोटा प्रति पटक रू. | १५ |
| ३. | हाँस कुखुराः चल्ला बाहेकप्रति गोटा प्रति पटक रू | १० |
| ४. | घुम्ती व्यवसायः फेन्सी | २०० |
| ५. | घुम्ती व्यवसायः अन्य | २०० |

**२२. एकीकृत सम्पत्ति करः**

एकीकृत सम्पत्ति कर कानून बनाएर प्रारम्भ गरिनेछ ।

**२३. नक्सापास**

**दस्तुरः**

यस गा.पा.क्षेत्रभित्र निर्माण हुने आधुनिक घरहरूको लागि निम्नानुसारको नक्सापास दस्तुर लाग्नेछ ।

| | | |
|---|---|---|
| १ | नक्सापास निवेदन फारामको रू. | 200 |
| २ | भुइँ तला र पहिलो तलामाप्रति वर्ग फिट | 5 |
| ३ | दोश्रो तलामा प्रति वर्गफिट | 7 |
| ४ | तेश्रोर सोभन्दा माथि प्रति वर्ग फिट | 8 |

अस्थाई र छाप्रो निर्माण गर्दा अस्थाई नक्सा पास पेश गर्नु पर्नेछ। ५०० वर्ग फिटसम्मका छाप्रोको लागि निर्माण दस्तुर रू. १००० र ५०० वर्ग फिटभन्दा वढी भएका छाप्रोको वढी हुन आउने प्रति वर्ग फिट रू. 2 का दरले लिने । कुनैकित्तामा एक भन्दा वढी छाप्रो बनाउने पर्ने भएमा सबै छाप्रोको नक्सा पेश गरीसोही बमोजिम दस्तुर लाग्नेछ ।

## अनुसूची - ३ : सिफारिस दस्तुर

| सि.नं. | सिफारिसको विवरण | आ.व.०८०/८१ को प्रस्तावित दर |
|---|---|---|
| १ | वंशजकोनागरिकता सिफारिसः निवेदन दस्तुर समेत | ५०० |
| २ | जन्मको आधारमा गरिने नागरिकता सिफारिस | ७०० |
| ३ | अंगिकृत नागरिकता सिफारिस | ७०० |
| ४ | नागरिकताको प्रतिलिपी सिफारिस | ७०० |
| ५ | नागरिकताको संशोधन सिफारिस | ७०० |
| ६ | नाता प्रमाणित नेपाली | ५०० |
| ७ | नाता प्रमाणित अंग्रेजी | ५०० |
| ८ | नाम संशोधन, नाम छुट तथा दुई नाम एकै सिफारिस | ५०० |
| ९ | जन्ममितिप्रमाणित नेपाली | ५०० |
| १० | स्थाई वा अस्थाई वसोवास सम्बन्धी सिफारिस | ५०० |
| ११ | नामथरजन्ममिति संशोधन सिफारिस | ५०० |
| १३ | घरजग्गा नामसारी सिफारिस | ५०० |
| १४ | सम्बन्ध विच्छेद भएको सिफारिस | ५०० |
| १५ | फुकुवा सिफारिस | ५०० |
| १६ | अन्य सिफारिस | ५०० |
| १७ | हकवाला संरक्षक सिफारिस | ५०० |
| १८ | अविवाहितप्रमाणिकरण सिफारिस | ५०० |
| १९ | नक्कल प्रमाणित दस्तुरः मालपोत रसीद समेत | ५०० |
| २० | व्यवसायदर्ता प्रमाणपत्रको नक्कल | ५०० |
| २१ | व्यवसायदर्ता लगत कट्टाको सिफारिस | ५०० |
| २२ | घरनक्सानामसारी | ५०० |
| २३ | घर निर्माणसम्पन्न सिफारिसः आरसिसी | १००० |
| २४ | घर निर्माणसम्पन्न सिफारिसः कच्ची | ५०० |
| २५ | निजीक्षेत्रमा रुख कटान सिफारिस | ५०० |

| | | | |
|---|---|---|---|
| २६ | मिलापत्रदस्तुर | | ५०० |
| २७ | नावालक परिचयपत्र सिफारिस | | ५०० |
| २८ | व्यक्तिगतघटना दर्ता ३५ दिनसम्म | निःशुल्क | |
| २९ | व्यक्तिगतघटना दर्ता ३५ दिन पछि | | ५०० |
| ३० | दलित,जनजाति,आदिवासी सिफारिस | | ५०० |
| ३१ | कर क्लियरेन्स सिफारिसः नेपाली | | ५०० |
| ३२ | पारिवारिक विवरण सिफारिस | | ५०० |
| ३३ | खानेपानीजडान सम्बन्धी सिफारिस | | ५०० |
| ३४ | **उद्योगदर्ताको लागि सिफारिस** | | |
| | क. साना | | ५०० |
| | ख. मझौला | | १००० |
| | ग. ठूला | | १५०० |
| ३५ | **निजीविद्यालय सञ्चालन तथा कक्षा थप अनुमतिको सिफारिस** | | |
| | क. वालविकास केन्द्र सञ्चालन अनुमति | | १००० |
| | ख. आधारभूतविद्यालय | | १२०० |
| | ग. मा.वि. | | १५०० |
| | घ. स्नातक/स्नातकोत्तर | | २००० |
| ३६ | **सामुदायिक विद्यालय सञ्चालन तथा कक्षा थप सम्बन्धी सिफारिस** | | |
| | क. वालविकास केन्द्र सञ्चालन अनुमति | | ५०० |
| | ख. आधारभूतविद्यालय | | ७०० |
| | ग. मा.वि. | | १००० |
| | घ. स्नातक/स्नातकोत्तर | | १२०० |
| ३७ | अंग्रेजीभाषामा गरिने प्रति सिफारिस दस्तुर | | १००० |
| ३८ | चारकिल्लाप्रमाणित | | ५०० |
| ३९ | ग्रामिणक्षेत्रमा घरबाटो सिफारिस | | ५०० |
| ४० | शहरीक्षेत्रमा घरबाटो सिफारिस | | ५०० |
| ४१ | संस्थादर्ता सिफारिस | | ५०० |

| | | |
|---|---|---|
| ४२ | घर ढलान गर्दा वाटो प्रयोग सम्बन्धी सिफारिस | ५०० |
| ४३ | माथिउल्लेख भएका बाहेक सबै प्रकारका सिफारिस | ५०० |
| ४४ | नक्शाप्रमाणित | १००० |
| ४५ | भवननिर्माण अनुमतिपत्रको प्रतिलिपी | ५०० |
| ४६ | व्यवसायदर्ता सिफारिस | ५०० |
| ४७ | मुचुल्काप्रमाणित | ५०० |
| ४८ | गाउँपालिका क्षेत्रभित्रका फरक क्षमता भएका व्यक्तिहरूको परिचयपत्रसम्बन्धी, आर्थिक अवस्था कमजोर भई निःशुल्क उपचार सम्बन्धी सिफारिस तथा प्राकृतिक प्रकोप सम्बन्धी सिफारिसहरूमा सिफारिस दस्तुर छुट दिईनेछ। | |